बैठक ८८

आज मिति २०७९।०७।०६ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यापालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

## उपस्थिति

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के सी | वडा अध्यक्ष |
| श्री राम बाहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्बासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री वुद्धिकला भण्डारी | वडा अध्यक्ष |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुवँर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बाहादुर सुनार | सदस्य |
| श्री सिमरन वि क | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य सचिव |

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

## निर्णय

**१ विद्यार्थीलाई यातायात सेवा उपलब्ध गराउने सम्बन्धमा।**

उपरोक्त प्रस्ताव उपर छलफल गर्दा शिवराज नगरपालिका वडा नं १ धानखोला, दोवाटा ४ नं र चोरखोला तथा वडा नं ९ सालघारी, रीजाली टोल, पुन टोल, अधिकारी टोल र धनचरे टोलबाट नेपाल आदर्श मा.विमा ७० जन, जागृती प्रा.विमा ११ जना र सरस्वती आधारभूत विद्यालयमा २८ जना गरी जम्मा १०९ जना अध्यनरत विद्यार्थीहरुलाई करिव १५ कि मी दुरी पार गरी विद्यालय आउने जाने क्रममा सार्वजनीक यातायातको सहज उपलब्धता नहुँदा विद्यार्थीहरुलाई विद्यालयमा सहज पहुँच स्थापनाका लागि **श्री नेपाल आर्दश मा. वि** सँगको साझेदारीमा यातायात सेवा उपलब्ध गराउने सम्बन्धमा नगर शिक्षा समितिमा छलफल गर्ने निर्णय गरियो ।

**२ प्रारम्भिक वातावरणीय परिक्षण(IEE)कार्यकालागिकार्य सूचि स्वीकृति सम्बन्धमा।**

उपरोक्त प्रस्ताव उपर छलफल गर्दा आ.व. ०७९ / ०८० को लागि शिवराज नगरपालिकामा पर्ने खोलाहरुको ( सुरही, चिराई, भक्रम, चोर, सुकवेल, बहबेल गंगटे र मैनारी खोला )नदीजन्य पर्दाथजन्य व्यवस्थापन गर्ने कार्य सुची (TOR) स्वीकृत गरि प्रारम्भिक वातावरणीय परिक्षण ( IEE ) कार्य अगाडी बढाउने निर्णय गरियो।

**३ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत छनौट भएका विद्यालयलाई थप अनुदान उपलब्ध गराउने सम्बन्धमा।**

उपरोक्त प्रस्ताव उपरछलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट विद्यालय कक्षाकोठा निर्माणको लागि छनौट भएका देहाय बमोजिमका विद्यालयलाई नपुग रकम आगामी १२औं नगर सभाबाट थप अनुदान उपलब्ध गराउन लागत स्टिमेट तयार गरेर बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

१ श्री सरस्वती माध्यमिक विद्यालय वानियाभार

२ श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय सितलापुर

अजय थापा
नगर प्रमुख

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**४ योजना कार्यान्वयनपुस्तिका सम्बन्धमा।**

उपरोक्त प्रस्ताव उपरछलफल गर्दा आ. व. २०७९।०८० को ११ औं नगर सभाद्धारा पारित भएका योजनाहरुको कार्यान्वयनमा सहजता तुल्याउन तर्जुमा गरिएको योजना कार्यान्वयन पुस्तिकामा उल्लेख भएका योजना कार्यान्वयन गर्दा संघ, प्रदेश एवं स्थानीय तहले तर्जुमा गरेको काननुसँग नबाझिने गरी योजना अगाडी बढाउने निर्णय गरियो।

**५ कार्य तालिका सम्बन्धमा ।**

उपरोक्त प्रस्ताव उपरछलफल गर्दा चालुआ/२०७९ .व.०८० मा श्रोत सुनिश्चित भई संचालन एवं कार्यान्वयन हुने पूर्वाधार विकास तर्फका योजना तथा कार्यक्रमहरुतपसिल कार्य तालिका अनुरुप गर्ने गराउने/निर्णय गरियो ।

| क्र.सं. | योजनाको किसिम | बजेट सिमा | आम भेला तथा उपभोक्ता समिति गठन | लागत अनुमान तयार | सम्झौता | कार्यान्वयन | अनुगमन | मूल्याङ्कन | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजना | २ लाख सम्म | २०७९ मंसिर मसान्त सम्म | २०७९ पुस मसान्त सम्म | २०७९ माघ १५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म |
| | | ३ लाख सम्म | २०७९ मंसिर मसान्त सम्म | २०७९ पुस मसान्त सम्म | २०७९ माघ १५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म |
| | | ३ लाख भन्दा माथि १० लाख सम्म | २०७९ मंसिर मसान्त सम्म | २०७९ पुस मसान्त सम्म | २०७९ माघ १५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म | २०७९ जेष्ठ २५ सम्म |
| २. | सोझै खरिद | १० लाख | | २०७९ पुस मसान्त सम्म | २०७९ फाल्गुन मसान्त सम्म | २०८० बैसाख ३० सम्म | २०७९ जेष्ठ २० सम्म | २०८०जेष्ठ ३० सम्म | २०८०अषाढ १० |

राकेश पाण्डे
नगर प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | शिलबन्दी दरभाउ पत्र | २० लाख भन्दा तल | | २०७९ मंसिर १५ सम्म | २०७९ पौष ३० | २०८० बैसाख ३० सम्म | २०८०जेष्ठ २० सम्म | २०८०जेष्ठ ३० सम्म | २०८०अषाढ १० |
| ४. | बोलपत्र | २० लाख भन्दा माथि | | २०७९ मंसिर १५सम्म | २०७९ पौष ३० | २०८० बैसाख ३० सम्म | २०८० जेष्ठ २० सम्म | २०८० जेष्ठ ३० सम्म | २०८०अषाढ १० |

**६ बजेट माग गर्ने सम्बन्धमा ।**

उपरोक्त प्रस्ताव उपरछलफल गर्दा आधारभूत स्वास्थ्य केन्द्र शिवपुर ४ को निर्माण कार्य सम्पन्न भई सकेको भुक्तानी दिन बाँकी रकम रु ८५६१०३। श्री नेपाल सरकार श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग माग गरी भुक्तानी दिने निर्णय गरियो।

**७ कित्ताकाट सम्बन्धमा ।**

उपरोक्त प्रस्ताव उपरछलफल गर्दा यस नगरपालिका भित्र रहेका जग्गाको कित्ताकाट प्रक्रियालाई अगाडी बढाउनका निम्ति भूउपयोग ऐन, २०७६ को दफा १८ को उपदफा(२) बमोजिम सम्बन्धित नगर कार्यपालिकाले स्थानीय भू उपयोग परिषदको रुपमा कार्य गर्नेछ भन्ने व्यवस्था भए अनुसार शिवराज नगर कार्यपालिकालाई स्थानीय भू उपयोग परिषदको रुपमा गठन गर्ने निर्णय गरियो। साथै, भू उपयोग नियमावलीको दफा १२ बमोजिम खण्डिकरण तथा नियन्त्रण गर्नको लागि ऐन को दफा २० बमोजिमको **कार्यान्वयन समिति** गठन गर्ने निर्णय गरियो ।

तपसिलः

- सम्वन्धित नगर कार्यपालिकाको नगर प्रमुख-अध्यक्ष
- सम्वन्धित वडाको वडा अध्यक्ष सदस्य-
- सम्वन्धित तहका कृषि सम्वन्धित पूर्वाधारसंग भौतिक र विकास सहरी ,भूमी ,वन , सदस्य -प्रमुखहरु शाखाका
- सरोकारवाला मध्येबाट स्थानीय भू उपयोग परिषदले तोकेको दुई जना महिला सहित चारजना सदस्य -
- सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सचिव सदस्य -

साथै, **कार्यान्वयन समितिको** काममा सहजताल्याउन **कार्यान्वयन समितिको** मातहत कार्य गर्ने गरि प्रत्येक वडामा तपसिल वमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

तपसिल

- कृषि शाखा प्रमुख - अध्यक्ष
- सम्वन्धित वडाको वडा अध्यक्ष -सदस्य
- सम्वन्धित वडा हेर्ने प्राविधिक -सदस्य
- नापी सम्वन्धि काम गर्ने कर्मचारी/ सर्वेक्षक -सदस्य सचिव

८ विविध

- **प्रदेश लोक सेवा आयोगबाट कर्मचारी माग गर्ने सम्बन्धमा ।**

  उपरोक्त प्रस्ताव उपरछलफल गर्दा प्रदेश लोक सेवा आयोगबाट कर्मचारीहरु माग गर्ने पत्राचार भए बमोजिम तपसिल बमोजिमका दरबन्दीहरु रिक्त रहेको हुँदा उक्त पदहरुमा कर्मचारी माग गर्ने निर्णय गरियो ।

तपसिल :

दरबन्दी र पदपूर्तिको विवरण स्थानीय तह र प्रदेश तहको लागि

| सि नं. | स्वीकृतपद | तह | सेवासमुह उपसमुह | स्वीकृतदरबन्दी संख्या | संघबाट समायोजन भई आएका | स्थानीय सेवा अन्तरगत कार्यरत | साविकस्थानीय निकायमा कार्यरत | आन्तरिकपदपुर्ती | जम्मा पदपुर्ती | रिक्तपद | पदपूर्तिको लागि माग गर्ने संख्या | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | उपसचिव | प्रशासन, सा.प्र. | १ | १ | | | | १ | | | |
| २ | अधिकृत | नवौं | शिक्षा, शि.प्र. | १ | | | | | ० | १ | १ | |
| ३ | सि डि ई | ९/१० | इन्जि सिभिल | १ | | | | | | | १ | |
| ४ | अधिकृत | ८ | शिक्षा, शि.प्र. | १ | १ | | | | १ | | | |
| ५ | अधिकृत | ७/८ | प्रशासन सा.प्र | १ | | | | | | १ | | |
| ६ | लेखा अधिकृत | ७ | प्रशासन, लेखा | १ | १ | | | | १ | | | |
| ७ | इन्जिनियर | ६ | इन्जि, सि.विएआ | १ | | | | | ० | १ | १ | |
| ८ | इन्जिनियर | ६ | इन्जि, सिभिल | १ | | १ | | | १ | | | |

...केश पाण्डे
प्रशासकीय अधिकृत

अजय थापा
... प्रमुख

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | षि | | | | | | | | | |
| ४ | सहायक | ४ | कृषि,कृषि | १ | १ | | | | १ | | | |

पशु सेवा शाखा तर्फ

| सिनं. | स्वीकृतपद | तह | सेवासमुहउपसमुह | स्वीकृत दरबन्दीसंख्या | संघबाटसमायोजन भईआएका | स्थानीयसेवाअन्तरगतकार्यरत | साविकस्थानीयनिकायमाकार्यरत | आन्तरिकपदपुर्ती | जम्मापदपुर्ती | रिक्तपद | पदपूर्तिकोलागिमागगर्नेसंख्या | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ८ | कृषि, लापोडेड | १ | १ | | | | १ | | | |
| २ | सहायक | ५ | कृषि भेटनरी | १ | | | | – | ० | १ | १ | |
| ३ | सहायक | ५ | लापोडेड | २ | | | | | ० | २ | २ | |
| ४ | सहायक | ५ | कृषि, मत्स्य | १ | | | | | ० | १ | १ | |
| ५ | सहायक | ४ | कृषि, भेटनरी | २ | १ | | | | १ | १ | १ | |

| सिनं. | स्वीकृतपद | तह | सेवासमुहउपसमुह | स्वीकृत दरबन्दीसंख्या | संघबाटसमायोजन भईआएका | स्थानीयसेवाअन्तरगतकार्यरत | साविकस्थानीयनिकायमाकार्यरत | आन्तरिकपदपुर्ती | जम्मापदपुर्ती | रिक्तपद | पदपूर्तिकोलागिमागगर्नेसंख्या | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्यशाखातर्फ | | | | | | | | | | | | |
| १ | जनस्वा अधिकृत | ७ | स्वास्थ्य हे.इ | १ | १ | | | | १ | | | |
| २ | अधिकृत | ६ | स्वास्थ्य क.न. | १ | १ | | | | १ | | | |
| ३ | अधिकृत | ६ | स्वास्थ्य हे.इ | ९ | ७ | | | | ७ | २ | २ | |
| ४ | सहायक | ५ | स्वास्थ्य | ७ | ७ | | | | ७ | | | |

...पाण्डे
प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हे.इ | | | | | | | | | |
| ५ | सहायक | ४ | स्वास्थ्य हे.इ | ११ | ५ | | | | ५ | ६ | ६ | |
| ६ | अधिकृत | ६ | प.हे.न | ३ | ३ | | | | ३ | | | |
| ७ | सहायक | ५ | प.हे.न | ४ | ४ | | | | ४ | | | |
| ८ | सहायक | ४ | प.हे.न | ७ | ७ | | | | ७ | | | |

- **घर भाडा सम्बन्धमा।**

उपरोक्त प्रस्ताव उपरछलफल गर्दा वडा नं. ४को स्वास्थ्यचौकीको जेठ र आषाढ , वडा नं ७ को स्वास्थ्य चौकीको चैत्र १६ देखि आषाढ महिना सम्म र नागरिक आरोग्य केन्द्रको वैशाख देखि अषाढ सम्म छुट हुन गएको घर भाडा भुक्तानी गरिदिने निर्णय गरियो ।

- **नसाटिएका चेकको भुक्तानी सम्बन्धमा।**

उपरोक्त प्रस्ताव उपरछलफल गर्दा गत आ व २०७८/०७९ मा साटन बाँकी तपसिल बमोजिमको विवरण भएका चेक भूक्तानी दिने निर्णय गरियो।

तपसिल

१ राम प्रसाद चौधरी रु ५४५००।

२ आइडिया डिजाइनर्स एण्ड अपरेटर रु ७८८००।

३ पचाल झरना रु १९७००।

४ दलित मानव निगरानी रु ९१६३९।

५ ओम सन्तोष साईकल स्टोर्स रु १९५१२।

६ छाँया आर्ट रु ८२७४।

७ राजेश कुँवर रु ३८९१।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

- **एम्बुलेन्स सम्बन्धमा।**

  उपरोक्त प्रस्ताव उपर छलफल गर्दा शिवपूर वडा नं १ स्वास्थ्य चौकीमा विगत देखि कार्यरत एम्बुलेन्स चालक श्री योगराज आचार्य सँग सेवा खरिद गर्ने र उक्त एम्बुलेन्स यसै कार्यालयबाट मर्मत गर्ने निर्णय गरियो।

- **धरौटी वापतको रकम भुक्तानी सम्बन्धमा।**

  उपरोक्त प्रस्ताव उपरछलफल गर्दा आरजिएल कन्ट्रक्सन प्रा लि को धरौटी वापतको रकम बजेट व्यवस्थापन गरी भुक्तानी दिने निर्णय गरियो ।

- **भुक्तानी सम्बन्धमा ।**

  उपरोक्त प्रस्ताव उपर छलफल गर्दा नगरवासीको राष्ट्रिय परिचयपत्र बनाउने हेतु राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागबाट वडा स्तरमा खटिएको टोलीलाई सहजीकरण गर्न वडा कार्यालयबाट भएको खर्चको रकम भुक्तानी दिने निर्णय गरियो ।

- **अतिथि सत्कार खर्च सम्बन्धमा ।**

  उपरोक्त प्रस्ताव उपर छलफल गर्दा वडा कार्यालयलाई रु ८०००/- अतिथि सत्कार खर्च स्वरूप प्रदान गरिदै आएकोमा सो सिमालाई बढाई रु १५०००/- प्रदान गर्ने निर्णय गरियो ।

- **इन्धन सम्बन्धमा।**

  उपरोक्त प्रस्ताव उपर छलफल गर्दा डेंगु महामारी नियन्त्रण गर्नका लागि खरिद गरिएको Fogger Machine मा लाग्ने इन्धनको खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

- **दीपावली शुभकामना सम्बन्धमा ।**

  उपरोक्त प्रस्ताव उपर छलफल गर्दा सम्पूर्ण कार्यपालिका सदस्य, कर्मचारी, नगरवासी ,देश तथा विदेशमा रहनु भएको सम्पूर्ण नेपालीलाई दिपावलीको सुभकामना प्रदान गर्ने निर्णय गरियो ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख